# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

## केन्द्रीय कार्यालय विराटनगर


प.सं.: ०८०/८१
च.नं.: २६८५

द.नं. ९८९ (प.लि.कं.)

मिति : २०८०/१०/१९

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ नेपाल ।

**विषय : साधारण सभा र शेयरधनी दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०८०/१०/१५ गतेको ३२६ औं बैठकको निर्णय अनुसार वित्तीय संस्थाको १७ औं वार्षिक साधारणसभा बस्ने मिति, समय, स्थान र सभामा प्रस्तुत हुने प्रस्तावहरु सहित कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि **मिति २०८०/१०/१७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित गरिएकोमा** उक्त सूचनामा बार्षिक साधारणसभामा पेश गरिने प्रस्तावहरु यसैसाथ संलग्न सूचना बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले संचालक समितिको मिति २०८०/१०/१८ गते बसेको ३२७ औं बैठकको निर्णय अनुसार **मिति २०८०/१०/१७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना खारेज गरि** मिति २०८०/११/११ गते हुने उक्त बार्षिक साधारणसभाको **सूचना यसै अनुसार हुने** व्यहोरा अनुरोध छ ।

**शेयरधनी दर्ता किताब बन्द रहने :**

मिति २०८०/१०/१७ गतेको **आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा साधारणसभा** प्रयोजनको लागि मिति २०८०/१०/२४ गते यस वित्तीय संस्थाको शेयर दाखिल/दारेज बन्द रहनेछ भनि उल्लेख भएकोमा संचालक समितिको मिति २०८०/१०/१८ गते बसेको ३२७ औं बैठकको निर्णय अनुसार सो खारेज गरि उक्त १७ औं बार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८०/१०/२९ गते यस वित्तीय संस्था लि. को शेयर दाखिल खारेज (दर्ता) बन्द रहने निर्णय भएको र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१०/२८ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लिमिटेड टेकु, काठमाण्डौमा नामसारीको लागि प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने व्यवस्था मिलाइएकोले सोही बमोजिम आवश्यक सहयोगको लागि आदेशानुसार अनुरोध छ ।

**संलग्न**

१. संचालक समितिको मिति २०८०/१०/१८ गते बसेको ३२७ औं बैठकको निर्णय अनुसारको १७ औं वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपी ।

**भवदीय,**

ऋषि प्रसाद न्यौपाने
कम्पनी सचिव